## संयुक्त राष्ट्रसंघ
## नेपालस्थित आवासीय प्रतिनिधिको कार्यालय

प्रेस विज्ञप्ति-जुन ३ (जेठ २० २०६६)

---

### बन्दका सम्बन्धमा नेपालस्थित राष्ट्रसंघको कार्यालयद्वारा चिन्ता व्यक्त

हरेक नेपालीलाई आफ्नो विचार अभिव्यक्त गर्ने र भेला हुन पाउने स्वतन्त्रता छ र यस्ता महत्त्वपूर्ण अधिकारको रक्षामा राष्ट्रसंघ निरन्तर लागि रहने छ। स्वेच्छाले गरिने आम प्रदर्शनी तथा विरोधका अन्य कार्यक्रम शान्तिपूर्ण तरिकाले गरिएको खण्डमा ति सामान्यत राजनीतिक अभिव्यक्तिका वैधानिक उपाय हुन्छन्। त्यसका विपरित देशका विभिन्न भागहरूमा अवरोध पुऱ्याउने संस्कार बढ्दै गइरहेको छ यो प्रवृत्ति शान्ति प्रक्रियालाई सफलतापूर्वक निष्कर्षमा पुऱ्याइ दीगो तुल्याउन आवश्यक सहकार्यको भावना वमोजिम नभएको देखिन्छ।

बन्दका आयोजकहरूद्वारा सोमवार काठमाडौंमा बन्द बलजफ्ती लादिएको थियो। यसक्रममा सर्वसाधारणहरू विरुद्ध धम्की तथा हिंसाको प्रयोग गरिएको थियो र कतै कतै त यस्ता काममा बालबालिकाहरू पनि संलग्न पाइएको थियो। यसका अतिरिक्त पत्रकार, मानवअधिकार रक्षक र मानवीय सहायतासम्बन्धी निकायका कर्मचारीहरूलाई आफ्नो कर्तव्य निर्वाह गर्नबाट वञ्चित गरिएको थियो। उनीहरूको महत्वपूर्ण काममा कतैबाट पनि वाधा पुऱ्याइनु हुँदैन।

"म सबै आवागमनको स्वतन्त्रता र अन्य व्यक्तिहरूको अधिकारमा वाधा पुग्ने गरी धम्की तथा हिंसाको प्रयोग नगर्न आग्रह गर्छु," संयुक्त राष्ट्रसंघीय आवासीय प्रतिनिधि रोबर्ट पाइपर भन्नुहुन्छ, "बन्द आयोजकहरूलाई म के स्मरण गराउन चाहन्छु भने मानवअधिकार रक्षकहरूको उपस्थितिले नै बन्द आयोजकहरूको शान्तिपूर्ण तरिकाबाट विरोध गर्न पाउने अधिकार सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ।"